# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २ फागुन २०७९

# मङ्गलवार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:०१ बजे प्रारम्भ भयो ।

(१६:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय गोमा देवी तिमल्सिना ।

(१६:०४ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, उपस्थित माननीयज्यूहरूमा अभिवादन । मैले थोरै कुराहरू बोल्नुपर्ला जस्तो लाग्यो । अब एक मिनेटमा कति बोल्ने? हाम्रो देशमा अहिले भएको अराजकता यो अराजकतालाई हामीले कहिलेसम्म सहने? यो अराजकता भनिसकेसी यहाँ कसले के बोल्यो, कहाँ बोल्यो भनेर मैले व्याख्या गर्न चाहिनँ । यो सबैले बुझ्नुहुन्छ । यो नेता हुने कि? पत्रकार हुने कि? अब डाक्टर हुने कि? सांसद हुने कि? यो विषय स्वयम् आफैले पनि

छुट्याउनुपर्ने हो । एकदम अराजकताले सीमा नाघेको छ । यसलाई राज्यले नियन्त्रण गरोस् भन्ने म अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु ।

अहिले यातायात मजदुरहरू, श्रमजीवीहरू कुटिएका छन् । बाटोघाटोमा आज यातायात पनि .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१६:०५ बजे)** **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो रुपन्देही जिल्लाको विशेष गरेर बर्दघाटदेखि बुटवलबिचको सडक खण्ड लामो समयदेखि निर्माण कार्य चलिरहेको छ । तर अत्यन्त धिमा गतिमा । हजारौं यात्रुहरूलाई चैं अत्यन्त कष्ट पुगिरेहको छ । त्यसैले म सम्माननीय अध्यक्षमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहन्छु । त्यो यथाशीघ्र त्यसको त्यो निर्माण कार्यलाई द्रुत रूपमा अगाडि बढाइयोस् । र जनतालाई सुविधा प्रदान गर्नेतिर ध्यान दिइयोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र ।

**(१६:०६ बजे )** **<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सहिद दशरथ चन्दको नाममा गेटमा मेडिकल युनिभर्सिटीको स्थापना हुन थालेको खबरले नेपाल देशका मानिस, सुदूरपश्चिमका मानिसहरू ज्यादै खुसी छन् । तर यसको घोषणा मात्र भएर भोलि त्यहाँ बन्न थालेको मेडिकल कलेजलाई समेत पनि अहिले तत्काल नबन्ने परिस्थिति मा पुग्ने हो कि भन्ने शङ्का र चिन्तामा पनि मान्छेहरू छन् ।

अर्को कुरा यो लघुवित्त र यो तलको मिटर ब्याजी भनेको कहीं उस्तै उस्तै त भएन भन्ने कुराहरू पनि आएको छ । (कहीं एक मिनेट भइहाल्यो कि?) धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण प्रसाद दाहाल ।

**(१६:०७ बजे ) मानननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले यो अराजकताको स्थिति अघि पनि माननीयले भन्नुभो' । अहिले लुघुवित्त बैङ्क, अन्य बैङ्कहरूको ब्याजलाई देखाएर राज्य व्यवस्थामाथि नै धावा बोल्ने, राज्य व्यवस्थाका विरुद्ध त्यो खालका गतिविधिहरू सञ्चालन गर्ने र जनताका उपलब्धिहरूलाई निस्तेज पार्ने जुन गतिविधि, हर्कतहरू देखिन थालेको छ यस बारेमा अहिले अर्थ मन्त्रीज्यू पनि यहीँ हुनुहुन्छ । त्यतातिर के हो विषय? त्यसको विषयमा अलि गम्भीरताका साथ ध्यान जाओस् भन्ने अनुरोध गर्न चाहन्छु ।

त्यस्तै हिजो मात्रै नयाँ बसपार्क र गोङ्गबु, बालाजु क्षेत्रमा भएका ती अराजक गतिविधिहरू जहाँ चैं तोडफोड, आगजनी, एम्बुलेन्समाथि, प्रहरीका भ्यानमाथि भ'को छ । त्यस बारेमा तुरुन्तै यातायात मजदुरहरूको माग बारेमा के हो? त्यो चैं यथाशीघ्र छानबिन गरी यो समस्या हल गर्नेतिर ध्यान जाओस् भन्ने म .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन बहादुर सुनार ।

**(१६:०८ बजे) माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अहिले देशमा फेरि उही चैं प्रवृत्ति दोहोरिएको छ । हामीले पटक पटक सुन्न परेको छ, देख्न परेको छ । यी विदेशी तरकारी, फलफूलको आयात र नेपालका तरकारी, फलफूलको चैं बिहाल यो चितवनमा भएको घटनाले उजागर गरेको छ । र त्यस्तो किसानहरूको चैं उत्पादनलाई निरुत्साहित गर्ने काम तत्काल रोकी विदेशी तरकारी, फलफूल आयातमा रोक लगाउन सम्माननीय अध्यक्षमार्फत म कृषि मन्त्रीज्यूलाई ध्यानकार्षण गराउँछु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१६:०९ बजे) माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीज्यू, माननीय सांसदज्यूहरू, अभिवादन । अहिले बढ्दो अराजकता देखिएको छ । लोकतन्त्र, गणतन्त्रमाथि धावा बोलेका छन् । यसको लागि राष्ट्रियताको निम्ति हामी एकजुट भएर अगाडि बढ्नुपर्ने देख्छु । हामी सबैको यो संवेदनशील विषय हो भन्ने मलाई लाग्छ । यो उजागर गर्न चाहन्छु । माननीय अर्थ मन्त्री यहीँ

भएको बेलामा म पाल्पा जिल्लाको जल्पाका जनता अहिले पनि बाटो आवतजावत पैदल यात्रा गर्नुपर्ने बाध्यता छ । त्यसले गर्दा पूर्व खोलादेखि निस्ती हुँदै झेलबासम्म जाने मोटर बाटो यसपालि आउने बजेटमा सम्बोधन होस् । म अर्थ मन्त्रीको ध्यानकार्षण गर्न चाहन्छु ।

र लुम्बिनी मेडिकल कलेज प्रवासले स्वास्थ्य बिमाको सेवा, सुविधा दिएको थियो । अहिले त्यो बन्द भएको छ । नियमित औषधि खाने बिरामीहरूले औषधि छाडेका छन् र सामान्य मान्छेले उपचार गर्न समस्या भएको छ । यो यसको स्वास्थ्य बिमाको हल गरी जनतालाई ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सोनाम गेल्जेन शेर्पा ।

(१६:१० बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, म अहिले जुन किसिमले सगरमाथा क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज र यो हेली अपरेटरको विषयमा विवाद भइरहेको छ । त्यहाँ हेलीहरू अवतरण गर्दाखेरि कस्तो शुल्क लिने भन्ने विषयमा चैं यो नियमावलीमा स्पष्ट व्यवस्था नभ'को हुनाले त्यहाँको संरक्षण अधिकृतले आफ्नो अनुकूल व्याख्या अर्न थालेको छ । र बारम्बार त्यसको विवाद हुने गरेको छ । त्यसलाई कसरी नियमावलीमा चैं स्पष्ट व्याख्या गरेर त्यो विवादलाई कसरी समाधान गर्ने हो भन्नेतर्फ नेपाल सरकारको ध्यान जाओस् भनेर म भन्न चाहन्छु । धन्यवाद ।

(१६:११ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय उपप्रधान मन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा वक्तव्य दिन अनुमति दिन्छु ।

(१६:१२ बजे) **माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम माघ मसान्तभित्र अर्थमन्त्रालयले बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम चालु आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन सार्वजनिक गर्ने क्रममा सम्मानित सदनलाई जानकारी गराउन उपस्थित भएको छु ।

विगत केही समयदेखि नेपालको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको विषय सम्मानित सदनलाई अवगत नै छ । २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपछि गठन भएको वर्तमान सरकारले जनताका विकास र सवृद्धिका चाहानालाई सम्बोधन गर्न थप स्रोत परिचालन गर्नुपर्ने अवस्थामा हामी भने बजेट सन्तुलन कायम गर्न कठोर कदम चाल्नुपर्ने बाध्यात्मक परिस्थितिबाट गुज्रिरहेका छौं ।

कोभिड- १९ को लामो असरले गर्दा हाम्रा आर्थिक गतिविधिहरू प्रभावित हुँदा अर्थतन्त्रका प्राय सबै क्षेत्रमा त्यसको नकारात्मक प्रभाव परेको छ । कोभिड- १९ को असरबाट सङ्कुचन भएको अर्थतन्त्र बिस्तारै तङ्ग्रिँदै गरेको समयमा युक्रेनमा भएको युद्ध विश्वव्यापी रूपमा सृजित आपूर्तिजन्य अवरोध तथा ठुला अर्थतन्त्रले लिएका कसिला नीतिहरूको प्रभावका कारण हाम्रो आर्थिक पुनर्उत्थानको प्रयासमा चुनौती थपिएको छ यीलगायत विश्वव्यापी रूपमा देखा परेका आर्थिक समस्याबाट नेपालको अर्थतन्त्र पनि प्रभावमुक्त छैन । कोभिड- १९ महामारीको समयमा अर्थतन्त्रलाई चलायमान बनाउन लिइएका कतिपय अल्पकालीन उपायका सम्बन्धमा समयमै समीक्षा हुन र आवश्यकताअनुसार परिमार्जन गर्न नसक्दा समस्या थपिँदै गएको छ ।

चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक अवधिसम्म आइपुग्दा यस अवधिमा गरिएको आयात नियमनको असर तथा आर्थिक गतिविधिमा आएको सुस्ततालगायतका कारणले राजस्व वृद्धि दर नकारात्मक हुन गई । सरकारी वृत्त सन्तुलनमा चरण दबाब परेको छ । खुल्ला सीमाना र अनौपचारिक अर्थतन्त्रको प्रभावले ल्याउन सक्ने व्यापार विचलन तथा त्यसबाट हुन सक्ने राजस्व चुवाहट नियन्त्रण गर्न तदनुरूपको रणनीति अवलम्बन गर्नुपर्ने सम्बद्ध निकायहरू समन्वयात्मक रूपमा परिचालन हुनुपर्ने र राजस्व प्रशासन तथा प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकताको महसुस विगतदेखि नै भएको छ । यी विषयहरूलाई पर्याप्त प्राथमिकता दिन नसकिएमा चोरी पैठारी निकासी तथा राजस्व चुवाहट र अपचलनको प्रवृत्ति बढ्न जान्छ । मैले अर्थ मन्त्रालयको जिम्मेवारीमा आउनसाथ यी विषयहरूलाई उच्च प्राथमिकतामा राखेको छु । सार्वजनिक खर्चतर्फ अनिवार्य दायित्वका शीर्षकहरूमा छुट्याइएको बजेट नपुग हुनुको साथै सृजित दायित्व भुक्तानीको लागि स्रोतको जोहो गर्न कठिनाइ भैरहेको छ । विभिन्न समयमा सिर्जना गरिएका तात्कालीन तथा दीर्घकालीन प्रकृतिका दायित्वहरूले स्रोत व्यवस्थापन कार्य झनै अप्ठ्यारो भएको छ । चालु आर्थिक वर्षको बजेटको मध्यावधि समीक्षा गर्दा बजेट सन्तुलन कायम गर्ने खर्चको प्राथमिकीकरण गरी गुणस्तर बढाउने पुँजीगत खर्च वृद्धिमा जोड दिने अत्यावश्यकबाहेकका खर्च कटौती गरी मितव्ययिता कायम गर्ने तथा राजस्व प्रशासनलाई चुस्त दुरुस्त बनाउँदै कर परिपालना बढाउने र चुवाहट नियन्त्रणमा कडाइ गर्ने नीति लिएको छु ।

अध्यक्ष महोदय, सरकारले, वर्तमान सरकारले जिम्मेवारी सम्हालदाको अवस्थामा विश्व अर्थतन्त्रमा देखा परेका नकारात्मक प्रवृत्तिहरू हाम्रा आन्तरिक कारणहरूले सृजित चुनौतीहरूले गर्दा अर्थतन्त्रका विभिन्न परिसूचकहरू जोखिमपूर्ण अवस्थामा रहेका थिए । मैले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेपछि अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न निरन्तर प्रयत्न गर्दै आएको छु । निजी क्षेत्रको व्यवसायिक आत्मविश्वास जगाउन सरकार र निजी क्षेत्रबिचको सम्बन्धलाई विश्वसनीय र सहयोगी बनाउन राजस्व परिचलनमा देखिएको विसङ्गति र विचलनलाई नियन्त्रण गर्दै सुधार ल्याउन बजेट कार्यान्वयनमा विद्यमान समस्या समाधान गर्न र वित्तीय क्षेत्रमा देखा परेका समग्र समस्या समाधान गर्न प्रयास केन्द्रित गरेको छु । तथापि केही हाम्रै संरचनागत सिमितता र केही अन्तर्राष्ट्रिय असरका कारण सुधारका प्रयासले ठोस नितिजा दिन भने समय लाग्ने देखिएको छ ।

अध्यक्ष महोदय, चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा मुख्य मुख्य आर्थिक परिसूचकहरूको अवस्था देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छु । अर्थतन्त्रको विद्यमान प्रवृत्ति आकलन गर्दा ८ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्ने चालु आर्थिक वर्षको लक्ष्य पूरा हुने देखिँदैन । कृषितर्फ धानको उत्पादन यस वर्ष केही वृद्धि हुने अनुमान रहेको र पर्यटन क्षेत्र क्रमशः सुधार हुँदै गएको देखिएको छ । यी सकारात्मक पक्ष भए पनि उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमता सञ्चालन हुन नसकिरहेकोले आर्थिक गतिविधिमा सुस्तता आएको देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा २०७९ पुस मसान्तसम्म आइपुग्दा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति ७.२६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा कुल आन्तरिक कर्जा २.८ प्रतिशतले र बैङ्क तथा वित्तीय संस्थाहरूले सङ्कलन गर्ने निक्षेप ४.२ प्रतिशतले वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको सुरुआती चरणमा बैङ्किङ प्रणालीमा तरलता अभावको स्थिति रहेकोमा पछिल्लो समय सुधारोन्मुख रहेको छ। तरलता दबाबको स्थितिका कारण अल्पकालीन ब्याज दरहरू बढेका छन् । २०७९ पुसमा बैङ्क तथा वित्तीय संस्थाहरू बीचको औसत अन्तरबैङ्क दर ७.५३ प्रतिशत र ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याज दर १०.८९ प्रतिशत निक्षेपको भारित औसत ब्याज दर ८.५१ प्रतिशत र कर्जाको भारित औसत ब्याज दर १२.७९ प्रतिशत कायम भएको छ । नेप्से सूचकाङ्क २०७९ असार मसान्तको २००९.५ बिन्दुबाट बढेर २०७९ पुस मसान्तमा २१४९.४ बिन्दुमा पुगेको छ। आर्थिक वर्ष २०७९/८० को छ महिनासम्ममा कुल वस्तु निर्यातअघिल्लो वर्षको सोही अवधिको तुलनामा ३२ दशमलवले कमी

आई रु. ८० अर्ब ८१ करोड भएको छ भने कुल वस्तु आयात २०.७ प्रतिशतले कमी आई रु. ७ खर्ब ९२ अर्ब ६७ करोड भएको छ । कुल वस्तु व्यापार घाटा १९.२ प्रतिशतले कमी आई रु. ७ खर्ब ११ अर्ब ८६ करोड रहेको छ ।

आर्थिक वर्ष २०७९/८० को छ महिनासम्म नेपाली मुद्रामा विप्रेषण आप्रवाह २४.३ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ८५ अर्ब ८ करोड पुगेको छ । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ६४.६ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० को छ महिनामा शोधनान्तर स्थिति रु. ९७ अर्ब १० करोडले बचतमा रहेको छ भने कुल विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तको रु. १२ खर्ब १५ अर्ब ८० करोडको तुलनामा १० प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ३७ अर्ब २९ करोड पुगेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २०७९ असार मसान्तमा ९ अर्ब ५४ करोड रहेकोमा ८ प्रतिशतले वृद्धि भई २०७९ पुस मसान्तमा १० अर्ब ३० करोड पुगेको छ । यस सञ्चितिले १०.४ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु र सेवा आयात गर्न पुग्ने देखिन्छ। यी तथ्यहरूबाट अर्थतन्त्रका वाह्य क्षेत्रमा क्रमशः सुधार हुँदै गएको देखिएको छ । चालु आर्थिक वर्षको पहिलो छ महिनामा कुल सरकारी खर्च रु. ५ खर्ब ७६ अर्ब ३४ करोड भएको छ जुन गत वर्षको तुलानामा १३.७ प्रतिशतले बढी हो । गत वर्षको तुलनामा चालु खर्चतर्फ ११.९ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ५५ अर्ब १२ करोड, पुँजीगततर्फ ५.३ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब ४५ करोड र वित्तीय व्यवस्थातर्फ ३७ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब ७६ करोड खर्च भएको छ ।

राजस्व सङ्कलनतर्फ २०७९ पुससम्मको लक्ष्य रु. ६ खर्ब ५१ अर्ब ५२ करोड रहेकोमा लक्ष्यको तुलनामा २४.८ प्रतिशतले कम अर्थात् रु. ४ खर्ब ८३ अर्ब ७६ करोड सङ्कलन भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा राजस्व सङ्कलन १६ प्रतिशतले घटेको छ । राजस्व सङ्कलनमा यस्तो प्रकारको नकारात्मक वृद्धिदर आर्थिक वर्ष २०२७/२८ पछि पहिलो पटक हुन पुगेको हो । समीक्षा अवधिमा वैदेशिक अनुदान रु. ७ अर्ब २१ करोड, वैदेशिक ऋण रु. २८ अर्ब ५७ करोड र आन्तरिक ऋण रु. ३० अर्ब परिचालन गरिएको छ । चालु आर्थिक वर्षमा अनिवार्य दायित्वका केही खर्च शीर्षकहरूमा न्यून विनियोजन भएको कारणले विषयगत मन्त्रालयहरूबाट अर्थ मन्त्रालयमा थप बजेट माग भई आएको छ । जसको व्यवस्थापन सहज छैन । विगतमा स्रोतको सहमति दिइएका कतिपय आयोजनाहरू मन्त्रालयहरूको बजेटको सीमाभित्र समावेश नभएकोले अहिले बजेट व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । रासायनिक मलको अन्तर्राष्ट्रिय बजारमा मूल्य वृद्धि हुँदा विनियोजित

रकम अपर्याप्त भएको छ । आन्तरिक ऋणको उच्च ब्याजदरले गर्दा चालु खर्चमा चाप परेको छ । अमेरिकी डलर तथा अन्य विदेशी मुद्रासँग नेपाली रुपैयाँको अवमूल्यनले गर्दा वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीको दायित्व बढ्न गएको छ । रासायनिक मल खरिद र सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीको लागि मात्र रु. ६७ अर्ब थप बजेट व्यवस्था गर्नुपर्ने अवस्था छ । गत आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा नेपाल सरकारको सञ्चित कोष रु. ६६ अर्ब २ करोडले ऋणात्मक रहेकोमा २०७९/८० को पुस मसान्तमा रु. १ खर्ब ३९ अर्ब ४१ करोडले ऋणात्मक रहेको छ ।

अर्कोतिर बजेटमा व्यवस्था गरिएको दायित्व व्यवस्थापनको दबाब र अर्कोतर्फ लामो समयदेखि सकारात्मक वृद्धिदर हासिल हुँदै आएको राजस्व सङ्कलनको वृद्धिदर नकारात्मक हुँदा सरकारी वित्त व्यवस्थापनमा दोहोरो चुनौती थपिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को पहिलो बैठकको नीतिगत निर्णयको मर्मबमोजिम अर्थ मन्त्रालयले खर्च कटौती र मितव्ययिता कायम गर्ने प्रयास गरेको छ । चालु खर्चतर्फका कतिपय शीर्षकहरूमा गरिएको विनियोजनमध्ये खर्च हुन बाँकी रकममा २० प्रतिशत कट्टा गरिएको छ भने कतिपय खर्च पुनः प्राथमिकीकरण गर्न विषयगत मन्त्रालयहरूलाई अनुरोध गरिएको छ । हाम्रा यी प्रयासका बाबजुद परिस्थिति सामान्य हुन र सुधार प्रयासको नतिजा आउन समय लाग्ने भएकोले सरकारी खर्चमा थप कटौती गर्ने र आयोजनाको पुनः प्राथमिकीकरण गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

चालु आर्थिक वर्षमा कूल सरकारी खर्च रु. १७ खर्ब ९३ अर्ब ८३ करोड हुने अनुमान गरिएकोमा रु. १५ खर्ब ४९ अर्ब ९९ करोड हुने संशोधित अनुमान छ । जुन सुरू विनियोजनभन्दा रु. २ खर्ब ४४ अर्ब अर्थात १४ प्रतिशतले कम हो । चालु खर्चतर्फ रु. ११ खर्ब ८३ अर्ब २३ करोड सुरु विनियोजन भएकोमा रु. १० खर्ब २१ अर्ब ९२ करोड हुने संशोधित अनुमान छ । जुन सुरु विनियोजनको ८६.३७ प्रतिशत हुन आउँछ । यसै गरी पुँजीगततर्फ रु. ३ खर्ब ८० अर्ब ३८ करोड सुरु विनियोजन भएकोमा रु. ३ खर्ब १३ अर्ब ८५ करोड हुने संशोधित अनुमान छ । जुन सुरु विनियोजनको ८२.५१ प्रतिशत हो । वित्तीय व्यवस्थातर्फ रु. २ खर्ब ३० अर्ब २१ करोड सुरु विनियोजन भएकोमा रु. २ खर्ब १४ अर्ब २१ करोड हुने संशोधित अनुमान छ । जुन सुरु विनियोजनको ९३.०५ प्रतिशत हो । नेपाल सरकारले सङ्कलन गर्ने राजस्वतर्फ सुरु अनुमान रु. १४ खर्ब ३ अर्ब १४ करोड रहेकोमा रु. १२ खर्ब ४४ अर्ब ७५ करोड मात्र सङ्कलन हुने संशोधित अनुमान छ । जुन सुरु अनुमानको ८८.७१ प्रतिशत हो । संशोधित अनुमान गरिएको राजस्वमध्ये नेपाल सरकारबाट रु. ११ खर्ब १ अर्ब परिचालन हुने र रु. १ खर्ब ४३ अर्ब ७५ करोड प्रदेश र स्थानीय तहलाई बाँडफाँट

हुने अनुमान छ । वैदेशिक अनुदानतर्फ रु. ५५ अर्ब ४५ करोड सुरु अनुमान गरिएकोमा रु. ३८ अर्ब ४५ करोड परिचालन हुने र वैदेशिक ऋणतर्फ रु. २ खर्ब ४२ अर्ब २६ करोड परिचालन हुने सुरु अनुमान रहेकोमा रु. १ खर्ब ७० अर्ब ५३ करोड मात्र परिचालन हुने संशोधित अनुमान छ । आन्तरिक ऋणतर्फ रु. २ खर्ब ५६ अर्बको सुरु अनुमान गरिएकोमा रु. २ खर्ब ४० अर्ब परिचालन हुने संशोधित अनुमान छ ।

सम्माननीय अध्यक्ष महोदय, माथि उल्लिखित संशोधित अनुमान सँगसँगै आगामी दिनमा देहायका खर्च कटौती र स्थगन तथा राजस्व परिचालन वृद्धि गर्ने उपायहरू अवलम्बन गरिने बेहोरा सम्मानित सदनलाई जानकारी गराउँदछु ।

सार्वजनिक खर्च व्यवस्थापनतर्फः हालसम्म मापदण्ड, कार्यविधि, निर्देशिका र सञ्चालन विधि स्वीकृत नभएका कार्यक्रमहरू हाललाई पूर्ण वा आंशिक रूपमा स्थगित गर्ने । स्रोतको उपलब्धताका आधारमा क्रमशः फुकुवा गर्दै जाने । मापदण्ड, कार्यविधि, निर्देशिका र सञ्चालन विधि स्वीकृत भएर पनि पूर्वतयारी पूरा हुन नसकी कार्यान्वयनमा नगएका कार्यक्रमहरू औचित्य हेरी पूर्ण वा आंशिक रूपमा रोक्का राख्ने । स्रोतको उपलब्धताका आधारमा क्रमशः फुकुवा गर्दै जाने । यसअघि अर्थ मन्त्रालयबाट स्रोतको सहमति लिएका तर कार्यान्वयनमा जान बाँकी रहेका आयोजनाहरूको समेत पुनः प्राथमिकीकरण गरी कार्यान्वयनमा लैजानुपूर्व सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिने । चालु आर्थिक वर्षमा थप दायित्व सिर्जना गर्ने गरी नयाँ कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने । विषयगत मन्त्रालयहरूले आफ्नो बजेट र कार्यक्रमको प्राथमिकता निर्धारण गरी स्रोतलाई सोहीअनुसार आन्तरिक समायोजन प्रस्ताव गर्न सक्ने । खर्च हुन नसक्ने बजेट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम अर्थ मन्त्रालयमा समर्पण गर्ने ।

राजस्वतर्फ राजस्व चुहावट नियन्त्रणमा संलग्न निकायहरूका बिचमा सूचना आदान प्रदान गर्ने तथा समन्वयलाई थप प्रभावकारी बनाउने । राजस्व चुहावटमा संलग्न जो कसैलाई कानुनको दायरामा ल्याउने । कर कानुनको परिपालना गर्ने गराउने । भन्सार राजस्व सङ्कलनलाई व्यवस्थित गर्न सीमा नाकामा रहेका निकायहरूबिच समन्वय गर्ने । अवैध पैठारी तथा निकासी नियन्त्रण गर्न उच्च स्तरीय टोली परिचालन गरी अनुगमन गर्ने । राजस्व बक्यौता र असुलउपर गर्नुपर्ने बेरुजूको असुलीलाई प्राथमिकता दिने । बजार अनुगमन र अनुसन्धानात्मक कर प्रणालीलाई नतिजामूलक बनाउने । गैरकर राजस्वतर्फ नयाँ आधार र स्रोतको पहिचान गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

अध्यक्ष महोदय, राजस्व र व्ययको संशोधित अनुमान गर्दा चालु आर्थिक वर्षको बाँकी अवधिमा आर्थिक गतिविधि विस्तार हुँदै जाने र राजस्व सङ्कलनमा क्रमशः सुधार हुने अपेक्षा गरिएको छ । संशोधित लक्ष्य हासिल गर्न अर्थ मन्त्रालयले अधिकतम प्रयास गर्ने छ । मैले यस प्रयासमा सम्बद्ध सबै निकायको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । यी प्रयासका बाबजुद राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा अपेक्षित सुधार आउन नसकी राजस्व सङ्कलनको संशोधित अनुमानसमेत हासिल हुने नदेखिएमा सार्वजनिक खर्चलाई थप कसिलो बनाउनुपर्ने अवस्था आउन सक्दछ । त्यसका लागि अर्थ मन्त्रालयले आवधिक रूपमा अर्थतन्त्रको प्रवृत्ति विश्लेषण गरी आउन सक्ने चुनौतीको आकलन गर्ने छ र सोको आधारमा थप नीतिगत प्रबन्ध मिलाउने छ ।

अध्यक्ष महोदय, राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सरकारी, निजी र सहकारी क्षेत्रको योगदान हुने र सरकारले सुरु गरेका सुधार प्रयासले सकारात्मक नतिजा ल्याउने अपेक्षाका साथ परिस्थितिलाई सामान्य अवस्थामा फर्काउन सम्पूर्ण सामर्थ्य परिचालित गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । अन्त्यमा, विद्यमान चुनौतीको सामना र अर्थतन्त्रको पुनरुत्थान गर्न सबै माननीय सदस्यहरूको रचनात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०७९/०८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१६:२९ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा दिनुभएको वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न चाहनुहुन्छ भने म समय उपलब्ध गराउँछु । प्रश्नकर्ता माननीय सदस्यहरूले विषयवस्तुमा केन्द्रित रही प्रश्न सोध्न सक्नुहुने छ । उक्त वक्तव्यका सम्बन्धमा प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रश्नकर्ता प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**(१६:३० बजे)** **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, संसदले चाहँदा बजेट संशोधन नहुने, त्यही संसदले बजेट ऐनका रूपमा पारित गर्नुपर्ने ।

संसदबाट पारित भएको ऐनसरहको बजेट आर्थिक वर्षको मध्यतिर सरकारले आफ्नो खुसी हेरफेर गर्ने । मन्त्रीले आफ्नो तजबिजमा परिवर्तन गर्ने । यो कस्तो अवस्था हो? यो कहाँको अधिकार हो? हुँदा हुँदा बजेट कटौती गर्ने र त्यसपछि बजेट कटौतीको सिस्टमले काम नगर्ने । र जो मन्त्रीकहाँ धाइरहन्छ उसले बजेट पाउने अवस्थामा पुर्याइएको छ । यो के भ'को हो? म स्पष्टीकरण चाहन्छु, जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१६:३१ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- अध्यक्ष महोदय, वास्तवमा नेपालको अर्थतन्त्रमा संरचनागत रूपमा नै समस्या छ । कुल व्यापारमा आयातको अंशै ९१ प्रतिशत छ । अर्थ मन्त्रीज्यूको चिन्ता आधा शताब्दीको इतिहासमा राजस्व घट्यो भन्ने छ । जुन हाम्रो राजस्वको ५० प्रतिशत भाग नै आयातमा आधारित छ । जब आयातमा आधारित हाम्रो राजस्व प्रणाली भइसकेपछि त निश्चित रूपमा हाम्रो राजस्व घट्छ नै । अगिल्लो अर्थिक वर्षको पहिलो ६ महिनामा आयात रु ९९९ अरब थियो । अहिले रु ७९२ अरब छ । आयात घटेको छ । आयात घट्नेबित्तिकै निश्चित रूपमा राजस्वमा चाप पर्छ । फेरि सरकारले सवारी साधनलगायतमा, ..... साधनहरूको आयातमा वैशाखदेखि नियन्त्रण गरेको अवस्था पनि हो । अब एउटा कुरा यहाँ हामीले बुझ्न सकेनौं सम्माननीय अध्यक्ष महोदय, हाम्रो रेमिटयान्समा हाम्रो अर्थतन्त्र निर्भर छ । र हाम्रो भन्सार चैं, हाम्रो टयाक्स चैं भन्सारमा आधारित छ । जबसम्म हामीले कन्जम्सन बेसिस चैं हाम्रो यो रेमिटयान्समा हामी करेक्सन गर्न सक्दैनौं हामी कस्टुमर बेसिस हाम्रो रेभिन्यूमा करेक्सन गर्न सक्दैनौं । तबसम्म हामीले यो हाम्रो यो इकोनोमी करेक्सन गर्न सक्दैनौं । मेरो यो, अर्थमन्त्रीलाई मेरो प्रश्न छ नेपालको यो संरचनागत रूपमा देखिएको ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

(१६:३२ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत म अर्थ मन्त्रीलाई प्रश्न सोध्न चाहन्छु । रोजगारी सिर्जना गर्ने भन्ने, विकास बजेट कटौती गर्ने । रोजगारी सिर्जना ..... मात्र हो? कृषि क्षेत्र अस्तव्यस्त छ । निर्माण क्षेत्र

सिथिल छ । उत्पादन क्षेत्र उत्साहजनक छैन । सामाजिक सुरक्षा वृद्धि भएको छ । तलब वृद्धि छ । राजस्व उठ्न सकिरहेको छैन । कम्युनिष्ट सरकार छ । दाताले विश्वास गर्दैनन् । र दातृ संस्थाबाट पनि सहयोग होला भन्ने मानिँदैनन् । त्यसले अबको अर्थतन्त्र कसरी लयमा फर्किन्छ? सरकारको यस बारेमा धारणा के छ?

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव ।

(१६:३३ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भरखरै माननीय मन्त्रीजीले ०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन यो गरिमामय सदनमा पेस गर्नुभा' छ । खास गरेर मुलुकको वर्तमान अर्थ व्यवस्थाको प्रवृत्तिहरू र सूचकाङ्कहरूको बारेमा चर्चा गर्दाखेरि रेमिट्यान्सको स्थिति पनि उत्साहजनक रहेको, रेभिन्यू सङ्कलन, राजस्व सङ्कलनको अवस्था पनि नकारात्मक नरहेको । च्यालेन्जिङ छ तर नकारात्मक नरहेको, टुरिजम पनि राम्रै अवस्थाबाट गुज्रिराखेको, हिजोको प्रेसरबाट मुक्त हुँदै गइराखेको, आयातमा प्रेसर भए पनि निर्यात पोजिटिभ दिशामै गइराखेको, पुँजीगत खर्च पनि अब अनुमानित हिसाबले, चाहेको हिसाबले पनि नेगेटिभ दिशामा हतोत्साहित हुने दिशमा चैं नभ'को । अब स्टोलर ग्रान्ट्सको अवस्था पनि पोजिटिभै अवस्थामा रहेको, फरेन करेन्सी रिजर्भको अवस्था पनि उत्साहजनक छ भन्ने कुरा आफैले ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल ।

(१६:३४ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, उपप्रधानमन्त्री तथा अर्थ मन्त्री माननीयज्यूले जुन राखुभएको छ सर्वप्रथम यो ६ महिनाको जुन अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन म धन्यवाद व्यक्त गर्न चाहन्छु । यो कृषिजन्य खाद्यन्नको कुराहरू छ । जुन कृषिजन्य खाद्यन्न, कृषिसँग सम्बन्धित कुराहरू चैं जुन बाहिरबाट आउने कुरालाई चैं अनुमान गर्ने कुरा पनि गरिएको छ । र यो अनुमान चैं अलि राम्रोसँग हुनुपर्छ । र नेपालमा उत्पादन भएका कुराहरू देशभित्र चैं उपयोग गर्न सक्ने वातावरणको सिर्जना गर्नुपर्छ । र कृषि माथिको लगानीलाई कटौती गरिनुहुन्न भन्न चाहन्छु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने ।

(१६:३४ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म प्रतिवेदनका लागि उपप्रधामन्त्री एवम् अर्थ मन्त्रीज्यूलाई हार्दिक धन्यवाद पनि व्यक्त गर्न चाहन्छु । वास्तवमा अहिले धेरै जनताले आशा, भरोसा पनि गरिराखेका छन् । अर्थतन्त्रको सूचकाङ्क सबै नकारात्मक भइरहेको अवस्थामा अर्थ मन्त्रीज्यूले जुन विगतमा अर्थ मन्त्रालय सम्हाल्दाखेरि जुन खालको एउटा अर्थतन्त्रलाई सुदृढ बनाउन सफल हुनुभएको थियो । त्यसले गर्दाखेरि अहिले सुरुमा पनि त्यो खालको एउटा अवस्था देखिएको छ, सङ्केतहरू देखिएको छ । त्यसले गर्दाखेरि पनि विश्वास जागिरहेको छ । आम जनतालाई भरोसा जागिरहेको छ । म धन्यवाद पनि दिन चाहन्छु । जे प्रतिवेदनमा उल्लेख भएको छ धेरै सकारात्मक कुरा छ । अर्थतन्त्रलाई सुदृढ बनाउनका निम्ति, खराब अर्थतन्त्रलाई सुदृढ बनाउनका निम्ति र उहाँ नै अर्थ मन्त्री हुँदाखेरि हिजो भूकम्प र नाकाबन्दीले थिलथिलो पारेको अर्थतन्त्रलाई जिरो दशमलब दुई प्रतिशतमा रहेको आर्थिक वृद्धिदरलाई बढाएर सात दशमलब सात प्रतिशतसम्म पुर्याउन सफल हुनुभएको .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय युवराज शर्मा ।

(१६:३६ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- .....(आवाज नसुनिएको) । (**सम्माननीय अध्यक्षः**- माननीय माइक अन गरेर बोल्दिनुहोला) । अर्को चोरी पैठारी रोक्न के भन्सारको दर रेट र करको दर रेटमा व्यापक परिवर्तन गर्न आवश्यक छैन र? ताकि चोरी गर्ने, कसैले चोरी गर्ने स्थिति नै नरहोस् । र खालि ब्ल्याकको मनीलाई ह्वाइट गर्नुभन्दा यस किसिमको साधन अपनाएमा धेरै राम्रो हुन्छ कि? भन्ने म प्रश्न माननीय अर्थ मन्त्रीसँग सोध्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय कमला पन्त ।

**(१६:३६ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन बुझाउनुभा'कोमा अर्थ मन्त्रीलाई म धन्यवाद दिन चाहन्छु । पुँजीगत खर्च घटाइएको छ । ६ महिना अझै बाँकी छ । के अब विकास निर्माण गर्न पर्ने छैन? म प्रश्न गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत । र अब किसानले मल बिउ पाउन सकेका छैनन् । अझ पनि आइराखेको छ । अब किसानले खेती गर्ने बेला भयो । यो खर्च कटौती गरेको चैं के मल कारखाना खोल्नको निम्ति हो? म स्पष्ट हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

**(१६:३७ बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूमार्फत माननीय उपप्रधान तथा अर्थ मन्त्रीज्यूलाई मेरो प्रशन । हाम्रो अर्थतन्त्रमा समस्याहरू छन् । समाधान गर्न सकिन्छ भन्ने विश्वास जगाउने गरी माननीय मन्त्रीज्यू र मन्त्रालयले सक्रियता देखिन्छ । अर्धवार्षिक समिक्षा मूल्याङ्कन प्रतिवेदन सबै क्षेत्र र विषय प्रस्तुत भएका छन् । सुधारको प्रयासले सार्थकता पाओस् । शुभकामना ।

प्रश्न मेरोः नेपालमा थुप्रै गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था कार्यरत छन् । कतिपय त्यस्ता संस्था र कार्यक्रम अपारदर्शी, अनावश्यक र औचित्यहीन छन् । नेपाल र नेपालीको आवश्यकता, चाहानाभन्दा बाहिर गएर सञ्चालित त्यस्ता कर्यक्रम नियमन र नियन्त्रण गर्नतर्फ नेपाल सरकार र अर्थ मन्त्रालयको नीति र योजना के छ? जान्न चाहन्छु । प्रदेशको अर्थ र योजनालाई सक्रिय बनाउने अर्थ मन्त्रीज्यूको अध्यक्षतामा रहेको अन्तरवित्तीय परिषद्को क्रियाशीलताको अवस्था के छ? जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दु कडरिया ।

**(१६:३८ बजे) <u>माननीय श्री इन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय उपप्रधान तथा अर्थ मन्त्रीज्यूले पेस गर्नुभएको अर्धवार्षिक समीक्षामा वर्तमान अर्थतन्त्रका चुनौती सामना गर्न सार्वजनिक खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएको छ । म त्यसको समर्थन गर्न चाहन्छु । सार्वजनिक खर्च कटौतीसँगै राजस्व बढाउने र राजस्व चुहावट भ्रष्टाचार नियन्त्रणमा सरकार राज्य कठोर बन्नुपर्छ । किसान तथा उद्योगीले उत्पादन लागत

बेपत्ता बढेको छ । उत्पादन भएपछि किसानले बजारमा आइसकेपछि त्यो उत्पादनको वस्तु विदेशीको उत्पादनले ढाक्ने गरेको छ । यसले गर्दा किसान र उद्योगी मारमा परेका छन् । किसानले समयमा नै मल बिउ पाउने गरी बजेटको सुनिश्चितता हुनुपर्छ । बजार बिचौलियाको नियन्त्रणमा छ । उद्योगीले ५ देखि ६ प्रतिशत लिएको बैङ्क ऋण अहिले १५ देखि १६ प्रतिशत पुगेको छ । किसान तथा साना उद्योगीलाई मार्ने बङ्क तथा वित्तीय संस्थालाई सरकारले नियन्त्रणमा लिएर ब्याज दर कटौती गराउन म अर्थ मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

(१६:३९ बजे) **<u>माननीय गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अर्धवार्षिक अवस्थामा आइपुग्दा पनि विकास बजेट १० प्रतिशतभन्दा तल खर्च भइराखेको छ । जसमा सम्बन्धित जनताका असाध्यै सरोकार राख्ने मन्त्रालयहरूः कृषि मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र भूमि तथा सहकारी मन्त्रालयको बजेट सबभन्दा कम खर्च भएको अहिलेसम्मको अवस्था छ । र यो दिगो विकास तथा सुशासन समितिले रकमान्तर गरेर फरक ठाउँमा बजेट नलगियोस् भनेर एउटा निर्देशन दिएको थियो एक वर्षअगाडि । त्यस्तो गर्ने गरिएको छैन । रकमान्तर गरेको बजेट अनुत्पादक क्षेत्रमा खर्च भइरहेको देखिएको छ । यसलाई नियमन गरियोस् ।

र यो असारे बजेट आउने र बाटो वर्षाले पखाल्ने, बाटोमा लगेर बजेट पोख्ने जुन काम भएको छ त्यसलाई चैत वैशाखमै ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई ।

(१६:४० बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अर्थ मन्त्रीज्यूले जुन ल्याउनुभएको अर्धवार्षिक प्रतिवेदनमा यति बेला जुन अत्यन्तै आर्थिक शङ्कटको अवस्था छ । सबैले एकदम यो श्रीलङ्काजस्तो हुने भो' भनेर व्याख्या गरिरा' छ । तर मलाई लाग्छ श्रीलङ्का र हाम्रो देशमा धेरै फरक छ । त्यसकारणले पनि हामी आफ्नो आत्मनिर्भरता, हामी यो दशका जनताहरू

आत्मनिर्भरता गर्न सक्ने अवस्था छ । त्यसो भएको कारणले पनि यति बेला सबै कृषिमा चैं हामीले यो जुन कटौती गरेको बजेट चैं कृषिमा चैं एउटा ..... गरियो भने श्रीलङ्काजस्तो अहिले जुन एकदमै हावा पिटिरहेको जस्तो अवस्था हुने छैन । त्यसकारणले कृषिमा चैं एकदमै यो बजेटलाई हामीले बढाउनुपर्ने म सुझाव दिन चाहन्छु ।

र अर्को कुरा भनेको अहिले जति पनि यो बैङ्कहरूमा छ जस्तैः ८ प्रतिशत दिने अनि १६ प्रतिशत बढाउने । मान्छे त्यही कारणले चैं बैङ्कको ब्याज तिर्न नसकेर, सहकारीको ब्याज तिर्न नसकेर आत्महत्या गरिरहेको थुप्रै थुप्रै यहाँ युवाहरूको अब हामीले देखिरहेका छौं । त्यसो भ'को कारणले पनि यो कुरामा एकदमै ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विमला घिमिरे ।

(१६ः४२ बजे) **<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म उपप्रधानमन्त्री तथा अर्थ मन्त्रीज्यूले पेस गर्नुभएको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनका अत्यन्तै राम्रा र सकारात्मक सङ्केतहरूसहित हामीले यहाँ सुन्न पाएका छौं । म धन्यवाद दिन चाहन्छु । खर्च कटौतीको प्रस्ताव छ । यसलाई कार्यान्वयनमा लानका निम्ति म ध्यानाकर्षण गराउन चाहन्छु । कतिपय योजनाहरू दोहोरिने, कतिपय योजनाहरू जिल्लामा अलि बढी योजनाहरू हुने, कतिपयमा हुँदै नहुने । यस्तो चैं नहोस् । यो कुरामा पनि म ध्यानाकर्षण गराउन चाहन्छु । र यो खर्च कटौती गरेका र हामीसँग भ'को बजेटलाई कृषि क्षत्रेमा लगाउनका निम्ति खास गरी रासायनिक मल ल्याउनका निम्ति र खास गरी यो कृषिसित सम्बन्धित उद्योगहरू सञ्चालन गर्नका निम्ति जुन ब्याज अनुदान हिजो विगतमा दिँदै आइएको थियो त्यो अहिले हटाइएको छ । बिचमा हटेको थियो । र त्यसलाई मापदण्ड बनाएर लागु गर्नका निम्ति म ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१६ः४३ बजे) **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, भर्खरै अर्थ मन्त्रीज्यूले, उपप्रधान तथा अर्थ मन्त्रीज्यूले यो आर्थिक वर्ष ०७९/८० को जुन अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सदनसमक्ष राख्नुभो' । हाम्रो देशको अर्थ

व्यवस्था विविध कारणले कमजोर रहेको कुराहरू प्रष्ट पार्नुभ'को छ । र यस्तो अवस्थामा यो बिग्रेको अर्थतन्त्रलाई लयमा ल्याउनुपर्छ । त्यो हस्तक्षेप गर्नका निम्ति यो सरकारले जुन पहल गर्यो यसको निम्ति अर्थ मन्त्रीज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । र यो जसरी खर्च कटौतीका कुराहरू आयो यो कुराहरू हाम्रो देशको सबैभन्दा अर्थ व्यवस्थालाई सही बाटोमा ल्याउने कृषिको आधुनिकीकरण हो । यसको निम्ति प्रविधि, ज्ञान र सिपसँगै कृषकहरूलाई मल बिउ र औजारमा हामीले लगानी गर्यौं भने निश्चय पनि देशको अर्थ व्यवस्था राम्रो हुन सक्छ । यही कुरा म ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

(१६:४४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

(१६:४४ बजे) **<u>माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले बडो मर्मस्पर्सी ढङ्गले सुझावहरू राख्नुभ'को छ । जिज्ञासाहरू राख्नुभ'को छ । सुझावको लागि सुझाव व्यक्त गर्नुहुने सबै माननीयज्यूहरूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत । सुझावहरू सम्भव सीमासम्म सम्बद्ध उपयुक्त सुझावहरू ग्रहण गरिने पनि म यस अवसरमा माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु । एउटा केही जिज्ञासाहरू छन् । म जिज्ञासाहरूका सम्बन्धमा म स्पष्ट पार्ने कोसिस गर्छु ।

अध्यक्ष महोदय, एउटा के कुरामा म स्पष्ट गरुँ भनेदेखि हामीले बजेट कटौती गर्यौं बजेट खर्च कटौती गर्यौं । खर्च नगर्ने भयौं भनेर त्यो खालको चर्चा हुने गरेको छ । बाहिर सार्वजनिक सञ्चार माध्यमहरूमा कतिपय त्यस खालका टिप्पणीहरू पनि आउने गरेका छन् । म स्पष्ट के गर्न चाहन्छु भने बजेट संशोधन गरेको होइन संशोधित अनुमान गरेको हो हामीले यो खास गरीकन बजेट निर्माण गर्दा बजेट सार्वजनिक गर्दा आम्दानी र खर्चको जुन प्रक्षेपण गरेका थियौं । त्यो आम्दानी र खर्च जुन अनुपातमा जति आम्दानी हुन्छ भन्ने ठानियो जुन यो स्रोतबाट आम्दानी हुन्छ भन्ने ठानियो । र जसरी खर्च हुन्छ भन्ने ठानियो । त्यो आम्दानी र खर्चको लक्ष्य भेट्न गाह्रो हुने देखियो । तथ्यले त्यही कुरा बताउँछ । त्यसले गर्दा यो बजेट संशोधन गरिएको नभएर संशोधित अनुमान हो भन्ने यहाँहरूसँग स्पष्ट गर्न चाहन्छु म । र यो आफू खुसी गरेको हेरफेर गरेको अर्थ मन्त्रालयले संसदले पास गरेको बजेट अर्थ मन्त्रालयले अर्थमन्त्रीले

आफ्नै आफ्नो स्वेच्छामा सुरक्षामा हेरफेर गरेको भन्ने अध्यक्ष महोदय, त्यस्तो होइन । म माननीयज्यूहरूलाई स्पष्ट गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत कि यो कानुनको व्यवस्था हो । हामीले जुन कानुन निर्माण गरेका छौं । हाम्रो कानुनले के भन्छ भन्दाखेरि बजेट निर्माण गरिसकेपछि त्यसको अर्धवार्षिक मूल्याङ्कन गर्नुपर्छ । अर्धवार्षिक मूल्याङ्कनका क्रममा के ट्रेन्ड देखियो के ट्रेन्डेन्सी देखियो कति आम्दानी हुन्छ । कति खर्च हुन्छ । कुन कुन शीर्षकमा कसरी जान सकिन्छ । भन्ने विषयमा जे अनुमान गरिएको छ । त्यसमा केही त्यस्ता समस्याहरू देखिए त्यसका आधारमा आम्दानीको पनि र खर्चको पनि संशोधित अनुमान गर्नुपर्ने हाम्रो कानुनी व्यवस्था हो । त्यसकारणले सुरुमै भन्या थिएँ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम नै यो के भने देखिन् संशोधित अनुमान प्रस्तुत गरिएको हो यो कानुनबमोजिम गरिएको र गर्नुपर्ने कुरा गरिएको हो यदि हामीले मध्यावधि समीक्षा गर्दैनौं भने देखिन् हामी बजेट कार्यान्वयनमा अरू धेरै चुक्न पुग्छौं । त्यसकारणले कानुनले नै हामीलाई मध्यावधि मूल्याङ्कन गरेर बजेट कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि निम्ति निर्देशित गरेको छ । त्यसैअनुसार यो चिज गरिएको हो र म के स्पष्ट गरूँ भने देखिन् भनसुनका आधारमा अनि त्यसपछि आदि इत्यादिको आधारमा बजेट विनियोजन अब विगतको सम्झना गर्ने त्यो छुट त हामीलाई छ तर म सम्माननीय अध्यक्षज्यूमार्फत यो सभालाई के स्पष्ट गर्न चाहन्छु, माननीय सदस्यहरूलाई के स्पष्ट गर्न चाहन्छु भने देखिन् भनसुनका आधारमा योजना छनोट गर्ने त्यो जमानाको अन्त्य भएको छ अब त्यस्तो हुँदैन नेपालमा । म यो कुरा स्पष्ट गर्न चाहन्छु । भनसुनका आधारमा होइन आयोजनाको छनोट मैले बार बार भन्ने गरेको छु । आयोजनाको छनोटको सन्दर्भमा के हुनुपर्यो भने देखिन् सबैभन्दा पहिला त्यो आयोजना आवश्यक हो कि होइन । त्यो आयोजना आवश्यक हो होइन भन्ने कुरा अध्ययनका आधारमा यकिन हुनुपर्यो आवश्यक हो भनिसकेपछि त्यसो प्राथमिकता के हो त्यो कुरा यकिन हुन पर्यो त्यसपछि हामी त्यसमा विस्तृत अध्ययनमा जानुपर्यो त्यसको डीपीआर बनाउनुपर्यो त्यसमा अरू युटिलिटी कतिपय ठाउँमा पानीका पाइपहरू हुन्छन् बिजुलीका पोलहरू हुन्छन् । जमिन अधिग्रहण गर्नुपर्ने हुन्छन् । त्यो राइट अफ वे क्लियर गर्नुपर्ने हुन्छ ।

यी सारा कामहरू सकिसकेपछि अनि हामी ती आयोजनाहरूलाई कार्यान्वयनमा लैजानुपर्छ । यसरी आयोजनाको छनोट गर्ने विषय आयोजनाको तयारी गर्ने विषय र आयोजनालाई कार्यान्वयनमा लग्ने विषय यसरी आयोजनाहरूको प्राथमिकीकरण गरेर हामी जो कार्यान्वयनमा जानुपर्छ । यसो नगरीकन जस्तो अहिले पालिकाले कार्यान्वयन गर्नुपर्ने प्रकृतिका आयोजना पनि यो हाम्रा संघीय सरकारका आयोजनाका सूचीमा सूचीकृत छन् । प्रदेशले गर्नुपर्ने

प्रकृतिका आयोजना पनि यहाँ सूचीकृत छन् । त्यसकारणले हामी संघीय संरचनामा छौं । तीन तहको सरकार छ । र यो भन्ने सच्चाइलाई आत्मसात गर्दै पालिकाले गर्ने आयोजनाहरू पालिकामा जानुपर्यो प्रदेशले गर्ने आयोजनाहरू प्रदेशमा जानुपर्यो सङ्घले गर्नुपर्ने आयोजनाहरू संघीय सरकारको तहत हुनुपर्यो र तिनीहरू पर्याप्त दिन आवश्यकताको यकिन अध्ययन र पूर्व तयारीपछि कार्यान्वयनमा जानुपर्छ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ । त्यसकारणले भनसुनका आधारमा योजना हाल्ने त्यो जमनाको अन्त्य भएको छ । अन्त्य गर्नुपर्छ वर्तमान सरकार त्यो भनसुनको आधारमा बजेट विनियोजन गर्ने अभ्यासलाई सम्पूर्ण रूपमा समाप्त गर्न औचित्य, आवश्यकता प्राथमिकताको आधारमा बजेट कार्यान्वयनको आयोजना छनोटको प्रक्रियालाई अगाडि बढाउन सङ्कल्पबद्ध छ भन्ने कुरा म यहाँहरूलाई अवगत गराउन चाहन्छु ।

अब हाम्रो राजस्व प्रणालीका सम्बन्धमा पनि माननीयज्यूहरूको सुझाव पनि छ केही जिज्ञासाहरू पनि छ । हामी हाम्रो राजस्वको स्रोत के हो भन्ने विषयमा कुनै अल्मल नै छैन । कुनै अस्पष्टता छैन तर हामी के कुरामा फोकस गरिरहेका छौं के कुरामा जोड दिइरहेका छौं भने देखिन् हाम्रो जोड आन्तरिक उत्पादन वृद्धि गर्ने हो । हामीले के भने देखिन् आन्तरिक उत्पादन वृद्धि गर्ने हो आयात प्रतिस्थापन गर्ने हो निर्यात प्रवर्धन गर्ने हो । र रेभिन्यूमा आधारित राजस्वलाई आन्तरिक उत्पादनमा आधारित बनाएर लिएर जाने हो । त्यसतर्फ नै सरकारको ध्यान केन्द्रित छ हुन्छ । तर यो हाम्रो प्रयास क्रमशः सार्थक हुँदै जाने छ । र हामी एउटा त्यस्तो बिन्दुमा पुग्ने छौं जति बेला हाम्रो रेभिन्यूको स्रोत जसरी अहिले इम्पोर्टमा आधारित रेभिन्यू छ । त्यसको ट्रेन्ड यसको क्यारेक्टर नै चेन्ज हुने छ । तर त्यसका निम्ति केही समय लाग्ला त्यसकारण अहिले मैले खास गरीकन राजस्वका बारेमा जे तथ्याङ्कहरू सम्मानित सदनसमक्ष प्रस्तुत गरेको छु । आज हामी कहाँनिरि छौं त कस्तो हाम्रो आजको स्थिति के हो भन्ने कुरा मैले यहाँनिरि बनाउन चाहेको हो र यो आयात नियन्त्रणका सन्दर्भमा त्यसपछि निर्यात प्रवर्धनका सम्बन्धमा आन्तरिक उत्पादन अभिवृद्धिका सन्दर्भमा माननीयज्यू जुन प्रकारका सुझावहरू दिनुभएको छ । सुझावका लागि म फेरि पनि धन्यवाद भन्न चाहन्छु ।

र संरचनागत सुधारहरूको जहाँसम्म प्रश्नहरू छ । हामीले संरचनागत सुधार हामीले नीतिगत क्षेत्रमा सुधार हाम्रो अभ्यासका अनुभवका आधारमा संरचनागत नीतिगत सुधारतर्फ एउटा सशक्त पहल कदमी लुनुपर्ने आवश्यकता छ । अर्थ मन्त्रालय त्यसतर्फ पहल कदमी लिइसकेको, अर्थ मन्त्रालयले त्यसतर्फ पहल कदमी लिइसकेको कुरा र समय क्रममा म सम्मानित सदनलाई त्यस विषयमा अर्थ मन्त्रालयका प्रयासहरू र त्यसको प्रयासहरूको बारेमा जानकारी दिनका निम्ति उपस्थित हुने विश्वास पनि म यस अवसरमा दिलाउन चाहन्छु । अब

जहाँसम्म यो एउटा प्रश्न के आएको छ भन्दाखेरि राजस्वको सम्बन्धमा एउटा तथ्य मैले यहाँहरूसँग राख्या छु । यो चाहिँ सम्मानित सदन सच्याइसँग सम्मानित सदनलाई सच्याइका बारेमा अवगत गराउनु मेरो जिम्मेवारी पनि हो भन्ने ठान्दछु । मैले यहाँहरूसँग अनुरोध गर्न चाहन्छु । कि हामी यो खास गरी सरकारको सञ्चित कोष सरकारको सञ्चित कोष पुस मसान्तसम्ममा १ खर्ब ३९ अर्ब ४१ करोडले ऋणात्मक छ । अहिलेको रियालिटी हाम्रो सरकारको सञ्चित कोष पुस मसान्तसम्म ०७९/०८० को पुस मसान्तसम्म १ खर्ब ४९ अर्ब ४१ करोडले ऋणात्मक छ । एउटा तथ्य यो हो जब कि ०७८/०७९ मा यो अवस्था कस्तो थियो भने ६६ अर्ब २ करोड ऋणात्मक थियो । ०७८/०७९ मा ६६ अर्ब २ करोडले ऋणात्मक रहेको सरकारको सञ्चित कोष अहिले चाहिँ ०७९/०८० को पुस मसान्तमा ..... ३९ अर्ब ४१ करोडले ऋणात्मक छ । यो हाम्रा लागि हाम्रो अर्थतन्त्रको स्वस्थ जीवनको लागि एउटा गम्भीर चिन्ताको, चुनौतीको विषय हो भन्ने कुरा म सम्मानित सदनमा अवगत गराउन चाहन्छु । त्यसै गरी  अब अरू धेरै कुरा गरेर पनि हामीसँग हाम्रो ट्रेजरीको अवस्था के छ । हाम्रो रेभिन्यूको अवस्था के छ ? हाम्रो आम्दानीको अवस्था के छ ? त्यो चिजलाई इग्नोर गरेर हामी कहीँ पनि अगाडि बढ्न सक्दैनौं त्यसकारणले एउटा चाहिँ तथ्य मैले माननीयज्यूहरूसमक्ष राख्नैपर्छ । कि हामी राजस्व परिचालनका दृष्टिकोणले कहाँ छौं त? राजस्व परिचालनको आजको रियालिटी के हो भन्दाखेरि हामी चालु आर्थिक वर्षमा समीक्षा अवधिमा अर्थात् पुस मसान्तसम्ममा हामी यो वर्ष जति राजस्व सङ्कलन गरी यो सुरुको ६ महिनामा जति राजस्व सङ्कलन गर्छु भन्ने हाम्रो अनुमान थियो त्यो अनुमानभन्दा २४.८ प्रतिशतले पछाडि छ । यो ६ महिनामा उठाउँछु भनेको भन्दा २४.८ प्रतिशतले कम उठेको छ । एकातर्फ भने यस्तो स्थिति कस्तो कहिलेदेखि यो देखियो भन्दाखेरि यसको विगततर्फ फर्केर हेर्दाखेरि यो चालु आर्थिक वर्षको हिसाबले सुरुको ६ महिनाको हिसाबले २४.८ प्रतिशतले पछाडि छ । यो चालु वर्षको ६ महिनाको अवधिको तुलनामा मात्रै होइन कि गत वर्ष सुरुको ६ महिनामा जति सङ्कलन भएको थियो राजस्व । त्योभन्दा हामी १६ प्रतिशतले पछाडि छौं । गत वर्ष उठेकोभन्दा पनि १६ प्रतिशतले हामी पछाडि छौं । र यस्तो अवस्था हामीकहाँ अहिले देखापर्या थियो भन्दाखेरि २०२७/२८ पछि पहिलोचोटि देखा पर्यो २०२७/२८ सालमा भनेको आजभन्दा करिब ५० वर्षअगाडि गत वर्षभन्दा कम राजस्व उठेको अनुभव त्यो तितो अनुभव पीडादायी अनुभव हामीसँग थियो । अहिले हामी ५० वर्षपछाडि फेरि त्यो ठाउँमा आइपुगेका छौं । त्यो खालको पीडा हामीले भोग्नुपरेको छ । त्यसकारणले यो राजस्व परिचालनको सन्दर्भमा स्रोत व्यवस्थापनको सन्दर्भमा हाम्रा साम्नेमा जुन चुनौती छ । यो चुनौतीलाई देखेरै सामना गर्नुपर्छ, समाधान गर्नुपर्छ । चुनौतीलाई इग्नोर गरेर उपेक्षा गरेर हुँदैन भन्ने मलाई लाग्दछ ।

अब यहाँहरूले चर्चा गर्नुभो' यस्तो केही बाह्य क्षेत्रमा जस्तो सोधानन्तर स्थितिमा फरेन करेन्सीको शीर्षकमा रेमिटयान्समा यस्ता केही क्षेत्रहरूमा बाह्य क्षेत्रमा केही सकारात्मक सुधारहरू भएको छ । तर सुधार भए तापनि हाम्रा साम्नेमा के छ भने त्यो सुधारलाई दिगो बनाउनुपर्ने चुनौती हाम्रा साम्नेमा छ । त्यो जिम्मेवारी हाम्रा साम्नेमा छ । त्यसकारणले हामी सुधार भएको यथार्थ हामी राखिरहेका छौं । र सँगसँगै त्यसलाई दिगो बनाउने कोणबाट हामीहरू हाम्रो प्रयासलाई अघि पनि बढाइरहेका छौं । अब कृषिमा लगानी गर्नुपर्छ यसलाई प्राथमिकता दिनुपर्छ भन्ने माननीयज्यूहरूको सुझाव सराहनीय छ । कृषि खास गरी हामीले आत्मनिर्भरताको कुरा गरिरहँदा यो यसतर्फ हाम्रो ध्यान जानैपर्छ ।

र नयाँ कर भन्सारका सन्दर्भमा दरहरूको पनि सुझाव राख्नुभा' छ । म माननीयज्यूहरूलाई के अवगत गराउन चाहन्छु भने यो नयाँ करका दरहरूका बारेमा अहिले हामी मध्यावधि प्रवेश गर्दैनौं । नयाँ बजेट बनाउने बेलामा त्यति बेला प्रवेश गर्ने हो । त्यति बेला आवश्यकता औचित्य प्रभाव परिणाम सबै चिजको सुक्ष्म विश्लेषण गरेर त्यसमा यथोचित ढङ्गले प्रवेश गर्न सकिन्छ । यहाँसम्म यो पुँजीगत खर्चका सन्दर्भमा फेरि पनि दोहोराएर भन्न चाहन्छु । पुँजीगत खर्च खर्च कटौती भनिरहँदाखेरि मैले के कुरामा जोड दिएको छु भने खर्च कटौतीका सम्बन्धमा अहिले सरकारले गर्न चाहेको साधरणतर्फको खर्च कटौती हो फजुल खर्च कटौती, नगरी पनि हुने खर्च कटौती साधरणतर्फको खर्च कटौती हो । आयोजनाका निमित्त राष्ट्रिय गौरवका आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणधीन आयोजना तिनका निमित्त स्रोतको अभाव नहोस् भन्ने कुरामा सरकारको ध्यान छ । त्यसकारणले खर्च कटौती गर्ने भनेको आयोजनाको खर्च कटौती भन्ने अर्थमा बुझ्नु पनि हुँदैन । वास्तविकता पनि त्यो होइन हामी साधारणतर्फको खर्च यो जुन प्रकारको प्रेसरमा छौं हामी । यो प्रेसरको स्थितिमा हामीले साधारणतर्फको खर्चमा कटौती गरेर त्यसमा मितव्ययिता अपनाएर पुँजीगत खर्च अभिवृद्धि गर्ने पुँजीगत खर्च बढाउने सरकारको नीति हो । पुँजीगत खर्च कटौती गर्ने होइन पुँजीगत खर्च बढाउने सरकारको नीति हो । त्यस हिसाबले यो मध्यावधि यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गरिएको बेहोरा म अवगत गराउन चाहन्छु ।

चोरी पैठारी रोक्ने सन्दर्भमा हामीले हाम्रा प्रयासहरूलाई अगाडि बढाउनुपर्छ । एउटा के हो भने देखिन् अब भन्सारका दरहरू महङ्गो भो' त्यसले गर्दा चोरी पैठारी बढ्यो । दरहरू घटाउँदै गएपछि चोरी पैठारी स्वतः नियन्त्रण हुन्छ नि भन्या खालको विश्लेषण त हामी अगाडि बढ्यौं भने देखिन् त्यसका बहुआयामिक प्रभाव पर्ने छन् । त्यसकारणले सरकारले त्यसरी सोचेको छैन । र त्यसरी सोच्नु उचित पनि हुँदैन भन्ने । मेरो बुझाइ हो ।

अब एनजीओ आईएनजीओहरूलाई एउटा चाहिँ सिस्टमभित्र एउटा रेगुलेट गर्ने हाम्रो उनीहरूको सहयोगलाई पनि बजेटरी प्रणालीमा ढाल्ने सरकारको नीति छ । त्यस हिसाबले हाम्रा प्रयासहरू छन् । प्रयासहरूलाई अझै सघन बनाउनुपर्ने परिणाममुखी बनाउनुपर्ने आवश्यकता छ तर हामी त्यस ढङ्गले नै सोच्चौं ।

रकमान्तरलाई हामी निरुत्साहित गर्छौं । रकमान्तर के छ भने देखिन एउटा एउटा कस्तो प्रवृत्ति छ भन्दाखेरि चालु आयोजनामा खर्च नगर्ने चालु आयोजना कार्यान्वयका निम्ति उत्पन्न भएका व्यवधानहरूलाई समाधान गरेर आयोजनाको कार्यान्वयनलाई तीव्रता नदिने तर त्यो आयोजनाका नाममा विनियोजन गरिएको बजेट अर्को कुनै आयोजनामा रकमान्तर गर्नका निम्ति अर्थ मन्त्रालयमा सहमतिका निम्ति लेखी पढाउने यस खालको प्रवृत्तिलाई हामीले रोक्नै चाहेका छौं । बजेट विनियोजन गर्दा नै सबै हरेक मन्त्रालयका निम्ति सिलिङ छुट्याइएको हुन्छ । त्यो सिलिङभित्र रहेर त्यो आगामी वर्ष खर्च गर्न सकिने कुन कुन शीर्षकमा के कति खर्च गर्न सकिन्छ । त्यसको वस्तुनिष्ठ ढङ्गले त्यो विनियोजनको प्रस्ताव सम्बन्धित अर्थ मन्त्रालयले प्रस्तुत गर्नुपर्छ । विनियोजन गर्दा एकातिर गर्ने कार्यान्वयन गर्दा अर्कोतिर गर्नका निम्ति सुरु सुरुमै रकमान्तर गर्ने बजेट पारित भएको हुँदैन त्यसको भोलिपल्ट रकमान्तर, स्रोतान्तर र बहुवार्षीय सुनिश्चितता स्रोत सहमति यस खालका कुराहरूबाट जाँदाखेरि हामी बजेटरी डिसिपिलिनको दृष्टिकोणले कमजोर हुन्छौं । त्यतातिर जानु हुँदैन भन्ने मेरो बुझाइ हो ।

ब्याजदरका विषयमा माननीयज्यूहरूको सुझावप्रति र मेरो ध्यान रहेको छ । म राष्ट्र बैङ्कसँग यद्यपि राष्ट्र बैङ्क स्वायत्त संस्था हो । आफ्नै कानुनका कामका आधारमा उसले आफ्ना कार्यहरू सम्पादन गर्छ । फेरि पनि अर्थमन्त्रालय र राष्ट्र बैङ्कका बिचमा नियमित संवाद छ । र हामीले वास्तवमा यो गिभेन सिचुएसन मा कुन लिमिटसम्म ब्याजदरलाई कम गर्न सकिन्छ? त्यसतर्फ राष्ट्र बैङ्कको पनि ध्यान जाओस् भनेर हामीले सुझाव दिइराखेका छौं । र पछिल्ला दिनहरूमा जसरी डिपोजिटमा थोरै सुधार भइरहेको छ । र डिपोजिटको ब्याजदर जसरी अलिकति कम हुँदै गइरहेको त्यसको प्रभाव चाहिँ आउने दिनमा ऋणको ब्याजदर पनि कटौती हुने छ भनेर हामी अपेक्षा गरिरहेका छौं । ब्याजदर कम होस् । भन्ने चाहिँ माननीयज्यूहरूको सुझावका निम्ति म धन्यवाद भन्न चाहन्छु ।

र यो अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, यो बजेट कटौती गर्ने कुरो त मैले अगि भनिहालें एउटा चाहिँ मलाई चाहिँ एउटा थोरै स्पष्ट गरौं जस्तो जस्तो के लाग्यो भनदेखि यो कम्युनिष्ट सरकारलाई दाताले विश्वास गर्दैनन् भनेर पनि यहाँनिर अभिव्यक्ति भयो । कस्तो सरकारलाई दाताले विश्वास गर्छन्? यसका बारेमा चाहिँ म छलफल गर्न चाहन्छु । यो चाहिँ यो

बुझाइ इतिहासका तथ्यले पनि खण्डित गरेको छ । र भविष्यमा पनि यो निष्कर्ष सही सावित हुन सक्तैन । त्यसकारणले कम्युनिष्टको सरकार दाताले विश्वास गर्दैनन् त्यसकारले देशको अर्थतन्त्र सवल हुन सक्दैन भन्ने खालको बुझाइ बोकेर चाहिँ हामी अगाडि बढ्नु हुँदैन भनेर सम्माननीय अध्यक्षज्यूमार्फत म अनुरोध गर्न चाहन्छु । जहाँसम्म हामी के कुरामा विश्वास गर्छौं भनेदेखि लोकतन्त्रमा विश्वास गर्छौं । हाम्रो संवैधानिक व्यवस्थामा विश्वास गर्छौं । यो संवैधानिक व्यवस्थामा हामीले निर्माण गरेको बलिदानको मूल्यमा निर्माण भएको संविधान, संविधान सभाबाट बनेको संविधान । त्यो संविधानका आधारमा बनेका, सञ्चालित भएका दलहरू तिनले लोकतान्त्रिक प्रतिष्पर्धाका माध्यमबाट जनताबाट अनुमोदिन भएर आएको उनीहरूको हैसियत र जनअनुमोदित सरकार हो । जनअनुमोदित सरकारसँग दुनियाको कुनै सरकारले कुनै शक्तिले यो आइडोलोजीको कारण त्यो आइडोलोजीको काम गर्दैन भनेर भन्छन् भन्ने कुरा यो चाहिँ भ्रम हो सम्माननीय अध्यक्ष महोदय । त्यसकारणले यस्तो भ्रम चाहिँ आमनागरिकमा पनि पर्नुहुँदैन । माननीय सदस्यहरूमा त पर्नु हुँदै हुँदैन । त्यसकारणले कम्युनिष्टको सरकार त्यसकारणले दाताले विश्वास गर्दैन अनि देशले चाहिँ Resource management गर्न सक्तैन । अन्तर्राष्ट्रिय स्रोत परिचाल गर्न सक्तैन भन्ने कुरा मेरो विचारमा भ्रमपूर्ण बुझाइ हो । र यस्तो बुझाइ हामी कसैले पनि राख्नुहुँदैन र यो बुझाइ मुलुकका हितमा पनि हुँदैन भनेर म निवेदन गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, मैले चाहिँ माननीयज्यूहरूको जिज्ञासाका सम्बन्धमा आफ्ना भनाइहरूलाई यतिमै टुङ्ग्याउन चाहन्छु । धन्यावाद । नमस्कार ।

**(१७:०३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकाश पन्थलाई "दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७८/०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१७:०४ बजे)** **<u>दिगो विकास तथा सुशासन समितिका सभापति माननीय श्री प्रकाश पन्थ</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ८३ तथा ९७ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को व्यवस्थाअनुसार सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिन गठित राष्ट्रिय सभाका विभिन्न विषयगत समितिहरूमध्ये दिगो विकास तथा सुशासन समिति एउटा महत्त्वपूर्ण समितिको रूपमा रहेको विदितै छ । दिगो एवम् सन्तुलित विकास र सुशासन प्रवर्धन यस समितिको कार्यक्षेत्र रहेको सन्दर्भमा नेपाल

सरकारका विभिन्न मन्त्रालय, विभाग र सोअन्तर्गतका दिगो विकास र सुशासनसम्बन्धी नीति कार्यक्रम, योजना, बजेट, स्रोत परिचालन एवम् व्यवस्थापनसम्बन्धी क्रियाकलाप गरेको जानकारी लिई अध्ययन गर्ने र यस सभामा प्रतिवेदन पेस गर्ने कार्यदिशसमेत यस समितिको रहेको छ ।

विकासको विश्वव्यापी एजेन्डाको रूपमा रहेको दिगो विकासको लक्ष्य परिमाणात्मक लक्ष्य र सार्थक विकासको पूर्वसर्तका रूपमा रहेको सुशासन प्रवर्धन तथा कार्यान्वयनको अवस्थाका सम्बन्धमा नियमक निकायहरूसँगको अन्तरक्रिया, कार्यप्रक्रिया जाँच गर्ने, निर्देश गर्ने, सम्बन्धित निकायलाई सचेत गराउने र उत्तरदायीत्त्व प्रवर्धनमा अभिभावकीय भूमिका निर्वाह गर्ने कार्य पनि समितिले गर्दै आएको छ । यसका लागि समितिले सङ्घ, प्रदेश र स्थानीय तहका सरकार, संवैधानिक निकाय एवम् विकासका साझेदारहरूसमेत सहकार्य गरी, उनीहरूसँग समेत सहकार्य गरी संसदीय निगरानीलाई प्रभावकारी बनाउन प्रयत्न गर्दै आइरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, सरकारका विभिन्न निकायहरूका पदाधिकारी एवम् विषय विज्ञहरूलाई आमन्त्रण गर्ने, छलफल र अन्तरक्रिया गर्ने, विभिन्न निकायहरूमा रहेका निकायहरूले गरेका प्रयासहरूको समन्वय गर्ने, समस्या समाधानका लागि सहजीकरण गर्ने काम, कार्य पनि गर्दै आएको छ । विकास प्रक्रियालगायत समग्र साशकीय ऐनमा सुशासन र प्रवर्धनका लागि गरिने प्रयासहरूको सम्बन्धमा अध्ययन, अवलोकन छलफल, अन्तरक्रिया तथा निर्देशन गर्ने कार्यसमेत समितिले गर्दै आएको छ । समितिले राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालय तथा निकायबाट दिगो विकास लक्ष्यको आवधिक प्रगतिमा देखिएका कमी, कमजोरी तथा समस्या र यस सम्बन्धमा महालेखापरीक्षकलगायत सम्पूर्ण अन्य संवैधानिक निकायहरूले औंल्याएका विषयमा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल र परिक्षण गरी आवश्यक निर्देशन दिँदै आएको छ । नेपाल सरकारले अख्तियार गरेको सन्तुलित र दिगो विकासका लक्ष्य हासिल गर्न नेपाललाई ठुलो लगानी र स्रोतको खाँचो देखिन्छ । यी चुनौतीहरूका बिच कोभिड-१९ को महामारीले पारेको प्रभाव र विद्यमान राष्ट्रिय आर्थिक समस्याले थप चुनौती थपिदिएको छ । तीनै तहका सरकार र सरोकारवालीहरूबिचको कार्यगत समन्वय र सहकार्यको अभाव अर्को मुख्य चुनौतीको रूपमा देखा परेको छ । यसका लागि तीनै तहका संस्थागत क्षमता अभिवृद्धि गर्दै सबै तहमा प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्दतिको विकास गर्न जरूरी देखिन्छ । समितिले सरकारलाई हरेक तहमा एस.डी.जी. बजेट कोड लागु गर्न निर्देशन दिएको छ । र समग्रमा दिगो विकासका लक्ष्यहरूको समीक्षा गरी । उपलब्ध सूचनहरूको आधारमा सूचकहरूको प्राथमिकरण गर्दै कार्यान्वयनमा लैजानुपर्ने छ । दिगो विकास

र सुशासन प्रवर्धनमा राजनीतिक अपनत्व र प्रतिवद्धताको कमी भएको महसुस भएको छ । यसै गरी संरचनागत र कार्यगत समन्वयनको अभाव पनि देखिएको छ ।

प्रभावकारी, जवाफदेही र न्यायमूलक समावेशी संस्था पनि सन्तुलित विकासको पूर्वसर्त रहेको छ । यस अवस्थामा सुशासनसहितको विकासका लागि विधिको शासन, कानुनी सर्वोच्चता, पारदर्शिता, जवाफदेहिता, मानव अधिकार, भ्रष्टाचार न्यनता, शून्यता, लोकतन्त्र, सशक्त नागरिक समाज, स्वतन्त्र प्रेस, शान्ति र समावेशीकरणको आवश्यकता रहेको स्थितिमा दिगो विकास तथा सुशासनलाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाउन योजना, कार्यान्वयन र नियमन गर्ने निकायलाई जवाफदेही तुल्याउन नीतिगत व्यवस्था, आवश्यक निर्देशन र समन्वय गर्दै अझ प्रभावकारी भूमिका निर्वाह गर्नेतर्फ समिति अग्रसर छ ।

नेपालमा सुशासन र दिगो विकासलाई व्यवहारमा उतार्ने दिशामा सार्थक विकास र सुशासन प्रवर्धन गर्नका लागि राज्यको सम्भाव्यता र जनशक्तिको क्षमता बिचको तालमेल मिलाउनुपर्ने छ । नीति तथा योजनाको आवधिक र वित्तीय र कार्यान्वयनको पक्षमा जोड दिनुपर्ने छ । खस्कँदै गएको सेवाभाव र नैतिक मूल्य मान्यताको प्रवर्द्धन गनुपर्ने छ । राजनीतिक नेतृत्वप्रति जनताको दृष्टिकोण र जनकेन्द्रीत विकास तथा राजनीतिक अवस्थाबिच सामञ्जस्यता ल्याउनुपर्ने छ । विकासको बहसको निरन्तरता र विकासको एजेण्डाबिच तालमेल हुनुपर्ने छ । आर्थिक कूटनीतिलाई राष्ट्रहित अनुकूल उपयोग गर्नुपर्ने छ । भ्रष्टाचारविरुद्धको शून्य सहनशीलतालाई व्यवहारमा उतार्न नियामक निकायहरूको प्रभावकारिता र क्षमता विकास गर्नुपर्ने छ । तजविजी अधिकारको दुरुपयोग र नीतिगत भ्रष्टाचारलाई कानुनी दायरामा ल्याउनुपर्ने छ । सन्तुलित विकासको लागि जनशक्ति व्यवस्थापन र अन्तरसरकारी वित्तीय व्यवस्थापनलाई पारदर्शी र नतिजामूलक बनाउनुपर्ने देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, यस समितिको निर्देशन कार्यान्वयनको स्थिति हेर्दा जम्मा १५ प्रतिशत निर्देशनहरू पूर्ण कार्यान्वयन भएको छ । ३० प्रतिशत निर्देशनहरू आंशिक कार्यान्वयन भएका र ५५ प्रतिशत निर्देशनहरू कार्यान्वयन नभएको देखिएको छ । कार्यान्वयन नभएका निर्देशनहरू विशेष गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोगलगायतका रहेका छन् । विगतमा धेरै निर्देशन दिइएका निकायहरूको निर्देशन कार्यान्वयन अवस्था अझै न्यून देखिन्छ । विश्वव्यापी महामारी कोरोना र स्रोत अभावका कारण विगतमा समितिले गरेका निर्णय र निर्देशन कार्यान्वयनमा आउन कठिन भएको देखिन्छ । तर अनुकूल समयमा पनि निर्देशनहरू कार्यान्वयन भएका छैनन् ।

समितिका काम कारबाहीलाई थप प्रभावकारी गराउन विगतको क्रियाशिलताको समीक्षा गर्दै आगामी दिनहरूमा वस्तुपरक योजना निर्माण गरी बैठकमा निर्णयहरूलाई कार्यक्षेत्रसम्म लैजानुपर्ने देखिन्छ । सरकारबाट संसदमा प्रस्तुत गरिएका नयाँ तथा संशोधन विधेयकहरू दिगो विकास र सुशासन मैत्री छन् वा छैनन् भनी समितिले निगरानी र परीक्षण गर्नुपर्ने देखिन्छ । दिगो विकास र सुशासन सम्बन्धी अन्य कानुनहरू संशोधन गरी समयसापेक्ष बनाउन सम्बन्धित निकायसँग छलफल गर्न जरूरी देखिएको छ । विगत चार वर्षदेखि प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय निर्देशन समितिको बैठकसमेत अहिलेसम्म हुन सकिरहेको छैन । संघीय संसदमा निर्वाचित माननीय सदस्यहरूलाई दिगो एवम् सन्तुलित विकास तथा सुशासन सम्बन्धमा अभिमुखीकरण गराउनुपर्ने देखिन्छ । संसदीय निर्देशन कार्यान्वयन तथा संसदीय निगरानी प्रभावकारी बनाउन संसदीय निगरानीसम्बन्धी छुट्टै मापदण्ड/ कार्यविधि तयार गर्नुपर्ने आवश्यकता बोध भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, दिगो विकास र सुशासन प्रवर्धनमा राजनीतिक अपनत्व बढाउन उच्च तहमा दलगत तथा निकायगत छलफल र समन्वयन गर्नुपर्ने देखिन्छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सुशासन प्रवर्धनका लागि नियमनकारी निकायहरूको सक्रियता र प्रभावकारिता बढाउनुपर्ने देखिन्छ । दिगो विकास लक्ष्यको मध्यावधि समीक्षा गरी कार्यान्वयनको अवस्था अध्ययन गर्नु गराउनु पर्ने देखिएको कुरा उल्लेख गर्न चाहन्छु ।

अन्त्यमा, समितिको कार्यलाई निरन्तर मार्गदर्शन गर्नुहुने सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । समितिका कार्यमा निरन्तर दत्तचित्त भै खटिनुहुने समितिका माननीय सदस्यहरू, समितिका बैठकमा उपस्थित भई समितिको कार्यलाई प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीयज्यूहरू, नेपाल सरकारका कर्मचारीहरू, विषय विज्ञहरू, महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिव एवं कर्मचारी, पत्रकारलगायत सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले दिगो विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१७:१२ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री ध्रुव बहादुर प्रधानलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०६/२८ गतेको निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य

निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश पेस गर्न समय उपलब्ध गराउँछु ।

(१७:१२ बजे) **मानननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुव बहादुर प्रधान**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग, २०७१ को दफा ३८ बमोजिम गठन भएका बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यविधि संवत् २०७९ साल असोज मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनुपर्ने शान्ति प्रक्रियाका काम बाँकी रहेकोले सोही ऐनको दफा ४२ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/०६/२८ गतेको निर्णयबाट संवत् २०८० साल असार मसान्तसम्म कार्यावधि थप गर्ने गरी आदेश जारी भएकोले सोही दफाको उपदफा (२) बमोजिम उक्त आदेश सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१७:१३ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाका पूर्वसदस्य कर्मा घलेको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः-

प्रतिनिधि सभाका पूर्वसदस्य कर्मा घलेको मिति २०७९ साल माघ २४ गते ५९ वर्षको उमेरमा महाराजगञ्जस्थित त्रि.वि.वि. शिक्षण अस्पतालमा क्यान्सर रोगको उपचारको क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय घले २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय कर्मा घलेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, सभाका पूर्वसदस्य कर्मा घलेको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल फागुन १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १७:१६ बजे ।**